पैयूँ गाउँपालिका

गाउँ कार्यपालिका बैठक

सम्वत् २०८०।०४।१७ गते आ.व. २०८०/८१ बैठक क्र.सं. ०२

निर्णयहरु:

१. सेवा करारमा कर्मचारी आवश्यकता सम्बन्धी गाउँ कार्यपालिकाको कार्यालयको मिति २०८०।०३।२२ सूचना (०९-२०७९/८०) अनुसार दरखास्त दिएका उम्मेदवारहरुको सीप परीक्षणमा उत्कृष्ट देखिएका रो.नं. २ का पैयूँ ०२ त्रिवेणी निवासी श्री सुवास सेनलाई ३ महिना परीक्षणकाल रहने गरी सफल उम्मेदवार र रोल नं. १ का पणिनी ३ अर्घाखाँची निवासी श्री रोशन रानालाई वैकल्पिक उम्मेदवार छनौट गर्ने।

२. पैयूँ गाउँपालिका वडा नं. २ निवासी श्री सुमन काफ्लेले 'घ' वर्गको निर्माण व्यवसायी ईजाजतपत्र पाउँभनी दिएको निवेदन प्रमुख प्रशासकीय अधिकृत मार्फत पेश हुन आएकोले आवश्यक संलग्न कागजातका आधारमा पैयूँ गाउँपालिकाको "घ" वर्गको निर्माण व्यवसायी ईजाजत पत्र सम्वन्धी कार्यविधि २०७४ को दफा (२) को उपदफा (३) बमोजिम पैयु कालिका सप्लायर्स एण्ड कन्स्ट्रक्सन प्रा.लि.लाई ईजाजत पत्र उपलब्ध गराउने ।

३. यस गाउँपालिकाद्वारा साझेदारी अनुदानमा कृषकलाई वितरण गरिएका कुटानीपिसानी मिलको व्यवसायिक प्रयोगका लागि प्रति पाथी कुटानी र पिसानीको क्रमश रु. ५ र १० र साथै मिनिटेलर (हाते ट्याक्टर)को प्रतिघण्टा रु ७०० दर निर्धारण गरियो ।

४. आ.व. २०८०/८१ को लागि जिल्ला दररेट निर्धारण समिति पर्वतले स्वीकृत गरेको पर्वत जिल्लाको ज्यालादर तथा निर्माण सामग्रीको स्वीकृत जिल्ला दररेटलाई नै यस गाउँपालिकाको दररेट कायम गर्ने। साथै निर्माण उपकरणहरु ब्याकहो लोडर (Backhoe Loader), एक्साभेटर (Excavator), एक्साभेटर ब्रेकर सहित (Excavator With Braker) को जिल्ला दररेट प्रति घनमिटरमा कायम भएकोमा उपभोक्ता समिति तथा निर्माण व्यवसायीको सहजताको लागि उक्त दररेट प्रतिघण्टामा कायम गर्नु पर्ने देखिएकोले निर्माण उपकरणहरु ब्याकहो लोडर ( Backhoe Loader) एक्साभेटर (Excavator), एक्साभेटर ब्रेकर सहित (Excavator With Braker) को प्रतिघण्टाको दर क्रमशः ३५००, ६००० र ७००० (भ्याट सहित) निर्धारण गरियो ।

५. शैक्षिक वर्ष २०८० को शिक्षकहरुको कार्यसम्पादन मुल्याँकनको लागि शिक्षा शाखा हेर्ने शिक्षा अधिकृत नभएको हुँदा प्रमुख प्रशासकीय अधिकृत केशव लामिछानेलाई कार्यसम्पादन मुल्याङ्कनको जिम्मेवारी तोक्ने ।

६. पर्वत उद्योग वाणिज्य सघं पैयूँ उपशाखासँग समेत समन्वय गरी मिति २०८०।०४।२९ देखि ३१ गते सम्म व्यवसाय दर्ता घुम्ति शिविर सञ्चालन गर्ने।

७. नदिजन्य पदार्थको गैरकानूनी उत्खनन्, संकलन र बिक्रिवितरणका रोकथामको लागि गाउँपालिका क्षेत्र भित्र नदी/खोलाक्षेत्रमा अनाधिकृतरुपमा ट्याक्टर प्रवेश गराई संकलन गरेमा/गराएमा ट्याक्टर

पैयूँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत

नियन्त्रणमा लिई प्रथम पटकको लागि रु ५ हजार र दोश्रो तेश्रो पटको लागि क्रमशः १० र १५ हजार जरिमाना असुल गर्ने साथै ब्याकहो लोडर प्रवेश गराएमा पहिलो पटकका लागि १० हजार र दोश्रो पटकका लागि २० हजार जरिमाना असुल गर्ने जरिवाना राजश्वको २५ प्रतिशत प्रोत्साहन नेपाल प्रहरीलाई उपलब्ध गराउने ।

८. यस गाउँपालिका क्षेत्र भित्र पर्ने नदिजन्य पदार्थको उत्खनन/संकलन/विक्रि वितरण प्रयोजनका लागि तपसिल बमोजिमका क्षेत्रह प्रारम्भिक वातावरणीय परीक्षण (IEE) गराउने ।
क्षेत्रहरु:

क. मझुवा र साघुघाट वडा नं.-१
ख. त्रिवेणी घाट वडा नं.-२
ग. सेती-मर्दीखोला दोभानघाट क्षेत्रमात्र वडा नं.-४
घ. सानो समि घाट, वडा नं. ४
ङ. छत्तिसे घाट, वडा नं. ६
च. डुडेघाट क र ख, वडा नं. ६
छ. शेराघाट वडा नं. ७

९. सेवा परामर्श मार्फत तयार भएको पैयूँ गाउँपालिकाको भू-उपयोग क्षेत्र वर्गीकरण निजि, नम्बरी जग्गा वनक्षेत्रमा वर्गिकरण भएको रहेछ भने सो कित्ताहरु कृषि क्षेत्रमा वर्गिकरण भएको मानिने गरि साथै कित्तागत विवरणमा कुनै कित्ताहरु स्पष्ट नभएमा/छुटेमा/दोहोरिएमा नापी कार्यालय पर्वतको सहयोगमा पछि संशोधन गरिने गरि स्वीकृत गर्ने ।

१०. आगामी महिनामा बार्षिक समिक्षा र सार्वजनिक सुनुवाइ कार्यक्रम सञ्चालन गर्ने ।

११. विद्युतीय हाजिरीलाई पुनः सञ्चालनमा ल्याउने ।

१२. सामुदायिक विद्यालयमा कक्षा ६ सम्म दिवाखाजाको कार्यक्रम सुनिश्चितताको नेपाल सरकारसँग गाउँपालिकाको समेत साझेदारी आवश्यक देखिएमा सोको लागि आवश्यक वित्तिय तथा व्यवस्थापकीय प्रबन्ध मिलाउने ।

१३. गाउँपालिका क्षेत्र भित्रका अटोरिक्साहरु व्यवस्थित गर्नका लागि अटोरिक्सा सञ्चालन सम्वन्धी कार्यविधि बनाइ आगामी भाद्र १ गते देखि ब्यवस्थित रुपमा सञ्चालन गर्ने।

१४. २५ प्रतिशत कृषक/कृषक समुह समेतको लागत साझेदारीमा मात्र सिंचाइ पाइप उपलब्ध गराउने।

१५. कवडी मालको व्यावसायिक कारोबार गरे वापत लगाइने कर प्रयोजनका लागि न्यूनतम १,००,०००।-(एक लाख) रहने गरी सिलबन्दी दरभाउपत्र अव्हान गर्ने।

पैयूँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल

पैयूँ गाउँपालिका

गाउँ कार्यपालिका बैठक

सम्वत् २०८०।०४।१७ गते　　　　आ.व. २०८०/८१　　　　बैठक क्र.सं. ०२

१६. प्राविधिक सर्भे भई आएका तपसिल बमोजिमका व्यक्तिहरुलाई **मनसुन जन्य विपद्, विपद् प्रभावित निजी आवास पुनर्निर्माण तथा पुनस्थापना अनुदान कार्यविधी, २०७७** बमोजिम लाभग्राही कायम गरी जिल्ला विपद् व्यवस्थापन समितिमा पठाउने।

<u>तपसिल</u>

| क्र.स | नामथर | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | धन बहादुर राना | पैयूँ-०२, त्रिवेणी | |
| २ | शेर प्रसाद गौतम | पैयूँ-०६, सरौखोला | |
| ३ | सुनिल दर्जी | पैयूँ-०५, चिसापानी | |

पैयूं गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३